
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९० पृष्ठ ८ | काठमाडौं, आइतबार ११ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४५ | SUNDAY, FEBRUARY 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# सुधारगृहकै कसले गर्ने सुधार ?

नेपाल प्रहरीका अनुसार मुलुकभर १ लाख २७ हजार बढी लागुऔषध प्रयोगकर्ता छन्। त्यसमा धेरै युवायुवती छन्। दुर्व्यसनमा फसेका युवायुवतीलाई सुधार गर्ने भन्दै 'च्याउसरी' सुधार तथा पुनर्स्थापना केन्द्र खुलेका छन्। तर, सुधार केन्द्रमा पुग्नेमाथि उल्टै 'हिंसा, कुटपिट र मानव अधिकार उल्लंघन' का घटना बढ्न थालेका छन्। सुध्रिन गएका कतिपय उल्टै मृत्युको मुखमा पुगेका छन्। तर, पनि सुधार केन्द्रको न नियमन हुन्छ, न त एकिन विवरण नै राखिन्छ। त्यसैकारण सबैभन्दा पहिले सुधारगृहको सुधार आवश्यक देखिएको छ।

**अजवी पौड्याल** | *काठमाडौं*
**– को रिपोर्ट**

समाचार पृष्ठ २

## ट्रम्पद्वारा प्रतिशोधात्मक कर लगाउने चेतावनी



**काठमाडौं** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी प्रविधि कम्पनीहरूमाथि डिजिटल कर लगाउने देशहरूमाथि प्रतिशोधात्मक कर लगाउने बताएका छन्।

डिजिटल करसम्बन्धी आदेशमा हस्ताक्षर गर्ने कि नगर्ने भन्ने प्रश्नमा ट्रम्पले छिट्टै यस्तो आदेशमा हस्ताक्षर गर्ने जवाफ दिए। उनले भने, 'हामी त्यो (डिजिटल) कर लगाउने घोषणा गर्दै छौं। अन्य देशहरूमा डिजिटल करका सम्बन्धमा उनीहरूले हामीलाई जे गरिरहेका छन् त्यो डरलाग्दो अवस्था छ। त्यसैले, हामी यसको घोषणा गर्न जाँदै छौं।'

ह्वाइट हाउसले यसै महिनाको सुरुमा जारी गरेको तथ्यपुस्तिकामा भनिएको थियो, 'केवल अमेरिकालाई मात्र अमेरिकी फर्महरूमा कर लगाउने अनुमति दिने अमेरिकासँग त्यस्तो कुनै संयन्त्र छैन र व्यापारिक साझेदारहरूले अमेरिकी कम्पनीहरूलाई डिजिटल सेवा कर भनिने कुनै पनि कुराको लागि बिल दिन्छन्।'

ह्वाइट हाउसले भनेको थियो, 'क्यानडा र फ्रान्सले यी करहरू प्रयोग गरेर अमेरिकी कम्पनीहरूबाट प्रतिवर्ष ५० करोड अमेरिकी डलरभन्दा बढी कर संकलन गर्छन्। समग्रमा, यी गैरपारस्परिक करहरूले अमेरिकी फर्महरूलाई प्रतिवर्ष २ अर्ब डलरभन्दा बढी अतिरिक्त रकम बराबरको खर्च लगाउँछन्।'

हालैका वर्षहरूमा, धेरै युरोपेली देशहरूले आफ्नो देशमा गुगल, अमेजन, एप्पल र मेटाजस्ता ठूला प्रविधि कम्पनीहरूको सञ्चालनमा डिजिटल करका लागि सक्रिय रूपमा दबाब दिएका छन्, जसको संयुक्त राज्य अमेरिकाले कडा विरोध गरेको छ। ट्रम्पको पहिलो कार्यकालको दौडानमा उनले यी करका उपायहरूले अमेरिकी व्यवसायहरूलाई अनुचित रूपमा असर पारेको आरोप लगाउँदै धेरै व्यापार साझेदारहरूको डिजिटल सेवा करहरूमा '३०१ वटा अनुसन्धान' सुरु गरेका थिए।

जो बाइडनले कार्यभार सम्हालेपछि संयुक्त राज्य अमेरिकाले अक्टोबर २०२१ मा अस्ट्रिया, बेलायत, फ्रान्स, इटाली र स्पेनसँग डिजिटल सेवा कर विवादको सम्बन्धमा सम्झौता गरेको थियो र आर्थिक सहयोग र विकास संगठन (ओइसीडी) को विश्वव्यापी कर सम्झौताको ढाँचाअन्तर्गत मुद्दा समाधान गर्न सहमत भएको थियो। तर, जनवरी २० मा कार्यभार सम्हालेको पहिलो दिन ट्रम्पले ओइसीडी फ्रेमवर्कअन्तर्गत भएको विश्वव्यापी कर्पोरेट संस्थाका लागि न्यूनतम कर सम्झौताको अमेरिकामा 'कुनै प्रभाव' नभएको भन्दै बाइडेन प्रशासनले लगभग १ सय ४० देशसँग वार्ता गरेको सम्झौताबाट प्रभावकारी रूपमा पछि हटेको राष्ट्रपतिको आदेशमा हस्ताक्षर गरेका थिए।

# अनावश्यक सरकारी संरचना कटौती

## विभाग, समिति, कोष र बोर्ड खारेज हुँदै

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

०७५ फागुन ३ मा अर्थविद् डा. डिल्लीराज खनाल नेतृत्वको सार्वजनिक खर्च पुनरावलोकन आयोगले सरकारी खर्च कटौती गर्न सरकारलाई सुझाव प्रतिवेदन दियो। त्यस बेलाा डा. युवराज खतिवडा अर्थमन्त्री थिए।

०८१ पुस २४ गते पूर्वअर्थसचिव रामेश्वर खनालको नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले अर्थमन्त्री विष्णु पौडेललाई प्रतिवेदन बुझायो। दुवै प्रतिवेदनले अनावश्यक संरचना कटौती गर्न सुझाव दिए। त्यसैमा टेकेर सरकारले भारी मात्रामा सरकारी संरचना घटाउने निर्णय गरेको छ।

सार्वजनिक खर्च पुनरावलोकन आयोग र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका सुझावअनुसार 'एउटै प्रकृतिको कामका लागि स्थापना भएका फरक-फरक संरचना गाभ्ने, खारेज गर्ने वा हस्तान्तरण गर्ने' निर्णयमा सरकार पुगेको छ। यी दुईलगायत विभिन्न समितिहरूले यसअघि दिएका अध्ययन प्रतिवेदनले सिफारिस गरेका सुझावहरूको




कार्यान्वयनका लागि मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा सुझाव कार्यान्वयन उच्चस्तरीय कार्यदल गठन गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगका संयोजक एवं अर्थविद् डा. डिल्लीराज खनालले ढिलै भए पनि सरकारले सकारात्मक निर्णय गरेको प्रतिक्रिया दिए। डा. खनाल संयोजकत्वको आयोगले संघीय मन्त्रालयलाई २२ बाट १६ मा झार्न सुझाव दिएको थियो। यस्तै, केन्द्रका विभागलाई ५७ बाट ३५ बनाउन सुझाएको थियो। हाल रहेका ३०० समिति र कोषमध्ये ९० प्रतिशत खारेज गर्नुपर्ने सुझाव डा. खनाल संयोजकत्वको आयोगको थियो। मन्त्रालय र विभागका कर्मचारी दरबन्दी ६० प्रतिशत घटाउन आयोगको सुझाव छ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगका संयोजक डा. खनाल चालू खर्च पनि कटौती गर्ने र पुँजीगतभित्र पनि काम नलाग्ने कार्यक्रम खारेज गर्नुको विकल्प नरहेको बताउँछन्। उनले साहसिक रूपमा प्राथमिकीकरण गरेर परिणाम दिने गरी चुस्त, दुरुस्त र परिणाममुखी बजेट प्रणाली र खर्च व्यवस्थापनलाई अगाडि बढाउनका लागि सुझाव दिइएको जानकारी दिए। आफूले दिएको प्रतिवेदन लागू गर्नेतिर सरकारले ठोस कदम चालेको हो भने सकारात्मक रूपमा नै लिनुपर्ने उनको भनाइ छ। उनका अनुसार गत वर्ष तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले बजेटमार्फत केही समिति, बोर्ड खारेज गर्ने प्रस्ताव गर्दा कृषि मन्त्रालयले अवरोध सिर्जना गरेको थियो। अवरोधका कारण सरकार नै निर्णयबाट पछि हट्नु पर्ने अवस्था आइरहेको डा. खनालले बताए। वर्तमान सरकार दुईतिहाइको बलियो भएकाले सरकारले आँट गरे निर्णय कार्यान्वयन गर्नसक्ने डा. खनालको जिकिर छ।

'अहिले दुईतिहाइको सरकार छ। ठोस र साहसिक तरिकाले कार्यान्वयन गर्न चाह्यो पनि गर्न सक्छ। यो ढिलै भए पनि भएको यो निर्णयलाई सकारात्मक नै भन्नुपर्छ तर गम्भीरतापूर्ण कार्यान्वयन गर्नुपर्छ,' उनले भने।

संघीयता कार्यान्वयनसँगै केन्द्र सरकारको बोझ घट्ने भएकाले विभाग, डिभिजन, समिति र बोर्ड खारेज गरेर चुस्तदुरुस्त प्रशासन प्रणाली बनाउन आफूले सुझाव दिएको खनालले जानकारी दिए।

» बाँकी पृष्ठ ६

## महाकुम्भबाट फर्केको गाडी दुर्घटना, ४ को मृत्यु

**राजविराज** (अन्नपूर्ण) : भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा जारी महाकुम्भ मेलाबाट फर्किने क्रममा नेपाली तीर्थयात्री सवार गाडी दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्।

नम्बर खुल्न नसकेको भारतीय नम्बरको स्कार्पियो शुक्रबार अबेर राति भारतको यूपी राज्यअन्तर्गत गोरखपुर लिंक रोडमा दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको कञ्चनरूप नगरपालिका-७ का वडाध्यक्ष समानन्द चौधरीले बताए। विपरीत दिशाबाट गइरहेको ट्र्याक्टरको पछाडिको ट्रलीमा स्कारर्पियो ठोक्किएर दुर्घटना भएको हो।

दुर्घटनामा स्कार्पियोमा सवार सप्तरीको कञ्चनरूप नगरपालिका-७ की ६४ वर्षीया लीलावती चौधरी, ६५ वर्षीय परशुराम चौधरी, वडा नम्बर ५ की ५५ वर्षीया हरिहर वती यादव र उनकी भाउजू सुनसरीको कुशहा गाउँपालिका १ की समतोलियादेवी यादवको मृत्यु भएको छ। लीलावतीका पति उपेन्द्र नारायण चौधरी, वडा नम्बर ७ कै लालुदेवी यादव, वडा नम्बर ५ का जितु यादव, मुकेश यादव, उपेन्द्रका बहिनीज्वाइँ र चालकसहित ६ घाइते भएका छन्। उनीहरूलाई प्रहरीले गोरखपुरस्थित जिल्ला अस्पताल पठाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

# ठूला वित्तीय अपराधमा कारबाही र अनुसन्धान निकायलाई बलियो बनाउनुपर्ने

**सुनिता कार्की** | *काठमाडौं*

फ्रान्सको राजधानी पेरिसमा ५ दिनसम्म चलेको वित्तीय कारबाही कार्यदल (एफएटीएफ) को बैठकले नेपाललाई ग्रे लिस्ट (खैरो सूची) मा राख्यो। सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको कमजोर प्रस्तुतिका कारण खैरो सूचीमा परेको हो। खैरो सूचीबाट बाहिर निस्कनका लागि नेपालले वित्तीय अपराध न्यूनीकरणमा जोडदिन जरुरी रहेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहाल बताउँछन्।

'ग्रे लिस्टमा पर्ने, नपर्नेभन्दा पनि वित्तीय प्रणाली शुद्ध हुनुपर्‍यो। पारदर्शी हुनुपर्‍यो' दाहाल भन्छन्, 'सम्पत्ति शुद्धीकरण कुनै एउटा निकायको विषय मात्र नभएर समग्र सुशासनको विषय हो। वित्तीय सुशासनमा जोड दिनुपर्छ।' तोकिएको समयसीमा मै नेपाल खैरो सूचीबाट बाहिर निस्कने सक्ने उनको भनाइ छ। गत वर्षको नोभेम्बरमा एफएटीएफको एसिया प्यासफिक समूह (एपीजी)को फिलिपिन्समा भएको 'फेस टु फेस' मिटिङमा नै नेपाल खैरो सूचीमा पर्ने पक्का भएको थियो।

सन् २०२७ को जनवरीसम्म नेपालले खैरो सूचीबाट निस्किनका लागि कार्ययोजनाहररु कार्यान्वयन गर्नुपर्ने छ। त्यसका लागि एएफटीएफले ७ वटा कार्ययोजना दिएको छ। जसअनुसार, (१) नेपालले प्रमुख सम्पत्ति शुद्धीकरण तथा आंतवाद (एमएल/टीएफ) जोखिमहरूका बारेमा थप जनचेतना फैलाउनुपर्ने, (२) वाणिज्य बैंक, उच्च जोखिम सहकारी संस्था, क्यासिनो, रियल इस्टेट लगायतको क्षेत्रको जोखिममा आधारित सुपरिवेक्षणमा सुधार गर्नुपर्ने, (३) वित्तीय समावेशीकरणमा बाधा नपुर्‍याई भौतिक रूपमा महत्वपूर्ण अवैध हुन्डी प्रदायकको पहिचान र स्वीकृति प्रदर्शन गर्नुपर्ने, (४) सम्पत्ति शुद्धीकरण अनुसन्धान सञ्चालन गर्न सक्षम अधिकारीहरूको क्षमता र समन्वय बढाउनुपर्ने, ५. सम्पत्ति शुद्धीकरणमा अनुसन्धान र अभियोजनमा वृद्धि गर्नुपर्ने, (६) जोखिम प्रोफाइलको अनुरूप हुने अपराधको र त्यसबाट हुने आयको पहिचान, नियन्त्रण, जफत गर्नुका साथै लागू गर्ने ठाउँमा लागू गर्नुपर्ने र, (७) आंतकवाद र जैविक हतियारमा वित्तीय लगानी प्रतिबन्ध गर्न प्राविधिक अनुपालनलाई वृद्धि गर्नुपर्ने छ।



> ठूला भ्रष्टाचार, बैंकिङ कसुर, मानव बेचबिखन तथा ओसारपसार, वन्यजन्तु ओसारपसार जस्ता अपराधिक विषयका मुद्दालाई विभागले अनुसन्धानको दायरामा ल्याउनुपर्छ।
>
> **सुमन दाहाल, महानिर्देशक**
> सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

एफएटीएफले दिएका ७ कार्ययोजनामध्ये बुँदा ४, ५ र ६ सिधै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसँग सम्बन्धित भएको विभागका महानिर्देशक दाहाल बताउँछन्। उनका अनुसार कार्ययोजना नम्बर ४ ले सम्पत्ति शुद्धीकरणमा काम गर्ने अख्तियार, राजस्व अनुसन्धान, प्रहरी प्रशासन लगायतका निकायहरूको क्षमता बढाउने र सहकार्य वा समन्वय बढाउनुपर्छ भनेको छ। यी निकायहरको क्षमता बढाउने, विभिन्न आवश्यक कार्यविधि बनाउने काम विभागले गर्ने दाहाल बताउँछन। यस्तै, अनुसन्धानमा समन्वयको कामका लागि विभागकै महानिर्देशकको अध्यक्षतामा प्राविधिक समिति छ।

उक्त प्राविधिक समितिमार्फत कार्ययोजनाहरू बनाउने र अनुसन्धानलाई प्रभावशाली रूपमा अघि बढाउने काम गर्ने दाहाल बताउँछन्। यस्तै कार्ययोजना नम्बर ५ ले सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान र मुद्दा दायरलाई देखिने गरी अघि बढाउन भनेको छ। यसको अर्थ ठूला वित्तीय अपराधलाई अनुसन्धानको दायरामा ल्याउने र मुद्दा चलाउनुपर्छ भन्ने हो। 'हाइ रिस्क अफेन्स' खालका वित्तीय अपराध जस्तै ठूला भ्रष्टाचार, बैंकिङ कसुर, मानव बेचबिखन तथा ओसारपसार, वन्यजन्तु ओसारपसार जस्ता अपराधिक विषयका पनि ठूला मुद्दाहरूलाई विभागले अनुसन्धानको दायरामा ल्याएर मुद्दा चलाउनुपर्छ।

त्यसलाई विभागले प्राथमिकतामा राख्ने जानकारी दिँदै महानिर्देशक दाहालले भने, 'धेरै साना वित्तीय कसुरमा विभाग नअल्मलिएर अब ठूला अपराधमा केन्द्रित हुन्छ। त्यसका लागि थ्रेसहोल्ड नै राखेर काम गर्छौं।'

» बाँकी पृष्ठ ६